आज मिति २०८३ साल भाद्र महिनाको १५ गते बिहानको ठीक ०८ :०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११७ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वरनाथ चौधरी

का.स.श्री शोभा कुमारी फाल

**मिति २०८३।०५।१५ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११७औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु**

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।

२. म.ले.प.बहिर्गमन बैठक सम्बन्धमा ।

३. दररेट स्वीकृत सम्बन्धमा ।

४. महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८३ सम्बन्धमा ।

५. अनुमोदन सम्बन्धमा ।

६. IEE सम्बन्धमा ।

७. विविध ।

मिति २०८३।०५।१५ गते बसेको निस्दी गाउँपालिकाको ११७ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे समिक्षा गर्नुका साथै सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२. आ.व.२०८२।०८३ को अन्तिम लेखापरीक्षणको स्थलगत निरीक्षणको कार्य महालेखा परीक्षकको कार्यालयबाट डोर खटिई आएको टिम मार्फत सम्पन्न गरी सम्बन्धित विविध विषयमा आवश्यक छलफल सहित सुझाव तथा पृष्ठपोषण सहित गाउँ कार्यपालिकाको अध्यक्ष,उपाध्यक्ष,सदस्य र कर्मचारीहरुको उपस्थितीमा बहिर्गमन बैठक सम्पन्न भयो ।

३.आ.व.२०८३।०८४ को गाउँ कार्यपालिका र मातहतका निकायहरुमार्फत सञ्चालन हुने विभिन्न क्षेत्रका आयोजना कार्यान्वयनको लागि आवश्यक जिल्ला दररेट र अन्य आधिकारीक स्रोतको आधारमा पूर्वाधार शाखा मार्फत तयार पारिएको निस्दी गाउँपालिकाको दररेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

४.यस आ.व.२०८३।०८४ मा संघीय विशेष अनुदानमा विनियोजित महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम कार्यान्वन तथा सञ्चालनको लागि महिला व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८३ को मस्यौदा उपर छलफल गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. मिति २०८३।०५।१२ गते बसेको पालिकास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा विषयमा भएका निर्णयहरु यस गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

६.यस आ.व.२०८३।०८४ मा सभाबाट स्वीकृत आ ई ई शीर्षकबाट खर्च हुने गरी निस्दी गाउँपालिकाका देहायका विभिन्न घाटमा आय ठेक्काको लागि आ ई ई गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | घाटको नाम | ठेगाना |
|---|---|---|
| १ | झाराङ घाट | निस्दी गा.पा.-४ |
| २ | दुइनावेसी र गल्धा घाट | निस्दी गा.पा.-५ |

| | | |
|---|---|---|
| ३ | सिसाघाट र भोगटे घाट | नस्दी गा.पा.-६ |
| ४ | शेरो घाट | निस्दी गा.पा.-७ |

७.देहायका विविध विषयहरुमा छलफल गरी देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।

क. मिति २०८३।०५।१० गतेका दिन भोटेकोशीमा आएको आकस्मिक बाढीका कारण देश शोकमा डुबेको अवस्थामा यस आ.व.२०८३।०८४ को गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमार्फत सञ्चालन हुने बाल दिवस,तिज गीत कार्यक्रम तथा अन्य मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन नगर्ने र नगराउने सर्वसम्मत निर्णय गरियो ।

ख.गत आ.व.२०८२।०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS)को सम्बन्धित सम्पर्क शाखाहरुबाट प्राप्त एकीकृत प्रारम्भिक प्रतिवेदन स्वःमूल्याङ्कन समन्वय समितिको बैठकमा आवश्यक छलफल भई प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गरियो साथै उक्त प्रतिवेदन सम्बन्धित विषयगत समितिमा छलफलका लागि पेश गरि सो विषयगत समितिमा छलफल पश्चात पृष्ठपोषण सहित पुनःगाउँ कार्यपालिकाको बैठकमा पेश गरियो उक्त विषयगत समितिबाट प्राप्त प्रतिवेदन भाद्र मसान्त भित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

ग.यस आ.व.२०८३।०८४ को पशु विकास तर्फको भकारो सुधार कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि एकमुष्ट सूचना गाउँ कार्यपालिकाको कार्यालय मार्फत प्रकाशन गर्ने र सो को आधारमा वडाहरु मार्फत आवेदन संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।